## तेह्रौं गाउँ सभा तथा पाँचौं बजेट सभा

आज मिति २०७९ साल असार महिनाको १२ गतेका दिन बिहान १२ बजे यस बारेकोट गाउँपालिकाको तेह्रौं गाउँसभा तथा पाँचौं बजेट सभाको बैठक गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाह ज्यू को अध्यक्षतामा निम्नलिखित पदाधिकारी तथा गाउँसभा सदस्यहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री महेन्द्र बहादुर शाह | अध्यक्ष बारेकोट गाउँपालिका | |
| २) | श्री ओम्मा शाही | उपाध्यक्ष बारेकोट गाउँपालिका | |
| ३) | श्री धार्मिका प्रसाद बुढा | सदस्य गाउँसभा | |
| ४) | श्री देउमा बुढा | सदस्य गाउँसभा | |
| ५) | श्री मैसरी नेपाली | सदस्य गाउँसभा | |
| ६) | श्री बिर्खे बहादुर नेपाली | सदस्य गाउँसभा | |
| ७) | श्री जय बहादुर नेपाली | सदस्य गाउँसभा | |
| ८) | श्री कर्ण कामी | सदस्य गाउँसभा | |
| ९) | श्री समिता पुन थापा | सदस्य गाउँसभा | |
| १०) | श्री निता परियार | सदस्य गाउँसभा | |
| ११) | श्री बहादुर बहादुर गिरी | सदस्य गाउँसभा | |
| १२) | श्री ओम बहादुर नेपाली | सदस्य गाउँसभा | |
| १३) | श्री मन बहादुर शाही | सदस्य गाउँसभा | |
| १४) | श्री धनकला बोहरा | सदस्य गाउँसभा | |
| १५) | श्री कमला नेपाली | सदस्य गाउँसभा | |
| १६) | श्री प्रेम बहादुर बोहरा | सदस्य गाउँसभा | |
| १७) | श्री मन बहादुर बोहरा | सदस्य गाउँसभा | |
| १८) | श्री निर्मला बस्नेत | सदस्य गाउँसभा | |
| १९) | श्री मैना बोहरा | सदस्य गाउँसभा | |
| २०) | श्री मिला सार्की | सदस्य गाउँसभा | |
| २१) | श्री जय बहादुर रावत | सदस्य गाउँसभा | |
| २२) | श्री कर बहादुर सिंह | सदस्य गाउँसभा | |
| २३) | श्री अजवीर सिंह | सदस्य गाउँसभा | |

Scanned with CamScanner

| | | |
|---|---|---|
| २४। श्री जय बहादुर सिंह | सदस्य गाउँसभा | |
| २५। श्री भक्त बहादुर बस्नेत | सदस्य गाउँसभा | |
| २६। श्री राजा सिंह | सदस्य गाउँसभा | |
| २७। श्री भिकरी नेपाली | सदस्य गाउँसभा | |
| २८। श्री तिले महतारा | सदस्य गाउँसभा | |
| २९। श्री मायादेवि चलाउने | सदस्य गाउँसभा | |
| ३०। श्री तुल्सी नेपाली | सदस्य गाउँसभा | |
| ३१। श्री मकर बहादुर कार्की | सदस्य गाउँसभा | |
| ३२। श्री देव बहादुर चलाउने | सदस्य गाउँसभा | |
| ३३। श्री बसन्त शाही | सदस्य गाउँसभा | |
| ३४। श्री सुनसरी बुढा | सदस्य गाउँसभा | |
| ३५। श्री सुन्दरी सार्की | सदस्य गाउँसभा | |
| ३६। श्री डिल बहादुर बस्नेत | सदस्य गाउँसभा | |
| ३७। श्री राजबीर बस्नेत | सदस्य गाउँसभा | |
| ३८। श्री लालभक्त सिंह | सदस्य गाउँसभा | |
| ३९। श्री पार्वती खत्री | सदस्य गाउँसभा | |
| ४०। श्री सुचिता वि क | सदस्य गाउँसभा | |
| ४१। श्री मान बहादुर सिंह | सदस्य गाउँसभा | |
| ४२। श्री कृष्ण बहादुर रावल | सदस्य गाउँसभा | |
| ४३। श्री शशिराम गौतम | सदस्य गाउँसभा | |
| ४४। श्री मनमाया बुढा | सदस्य गाउँसभा | |
| ४५। श्री कमारी नेपाली | सदस्य गाउँसभा | |
| ४६। श्री मन बहादुर कामी | सदस्य गाउँसभा | |
| ४७। श्री धन बहादुर महतारा | सदस्य गाउँसभा | |
| ४८। श्री ऐन बहादुर परियार | सदस्य गाउँसभा | |
| ४९ श्री धनबीर कामी | सदस्य गाउँसभा | |
| ५०। श्री गोबिन्द बहादुर सिंह | सदस्य सचिब गाउँसभा | |

सुरेन्द्र बहादुर शाह
अध्यक्ष

Scanned with CamScanner

प्रस्तावहरु

१. आ.व. २०७८/०७९ को निती तथा कार्यक्रम सम्वन्धमा ।

२. आ.व. २०७८/०७९ को वार्षिक वजेट तथा कार्यक्रम माथी छलफल प्रारम्भ गर्ने सम्वन्धमा ।

३. आ.व. २०७८/०७९ को वार्षिक वजेट तथा कार्यक्रम पारित गर्ने सम्वन्धमा ।

४. विविध

**निर्णय नं. १** यस बारेकोट गाउँपालिकाको आ.व. २०७८/०७९ को देहाय बमोजिमको वार्षिक निती तथा कार्यक्रम यस गाउभाका अध्यक्ष श्री महेन्द्र बहादुर शाहले सभामा प्रस्तुत गर्नु भयो र उक्त वार्षिक निती तथा कार्यक्रम आजै सभामा छलफलको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

---

**मिति २०७८ असार १२ गते बसेको बारेकोट गाउँपालिकाको नियमित गाउँ सभा अधिवेशन (तेह्रौं) को बैठकमा**

**गाउँपालिकाका अध्यक्ष श्री महेन्द्रबहादुर शाह ज्यूले प्रस्तुत गर्नु भएको**

# बारेकोट गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम

**प्रस्तुतकर्ता**

## महेन्द्र बहादुर शाह

बारेकोट गाउँपालिका, जाजरकोट

मिति २०७८ असार १२

बारेकोट गाउँपालिका गाउँपालिकाको कार्यालय जिल्ला जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

महेन्द्र बहादुर शाह
अध्यक्ष

Scanned with CamScanner

बारेकोट गाउँपालिकाको नियमित गाउँ सभा अधिवेशन (तेह्रौं) अधिवेशनमा उपस्थित हुनु भएका गाउँपालिकाका
उपाध्यक्ष ज्यू,
वडा अध्यक्ष ज्यूहरु,
गाउँ कार्यपालिका सदस्य ज्यूहरु
गाउँ सभा सदस्य ज्यूहरु
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
उपस्थित सम्पूर्ण महानुभावहरु ।

नेपालको संविधानमा व्यवस्था भएको शिक्षा, स्वास्थ्य, रोजगारी, स्वच्छ वातावरण, सूचना र सामाजिक न्याय जस्ता मौलिक हक एवम् राज्यका निर्देशक सिद्धान्तको आर्थिक उद्देश्यमा उल्लिखित राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र एवम् उन्नतीशिल बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्र निर्माणका लागि स्थानीयस्तरमै सर्वाङ्गीण विकासको आधारशीला तयारी गर्न विगतका आर्थिक वर्षहरुदेखि नै कार्यान्वयनका चरणमा रहेका छन् । नीति तथा कार्यक्रम निर्माण कार्यले मात्रै हामीले चाहेको परिवर्तन हुन सक्दैन । यसका लागि नीति तथा कार्यक्रममा समावेश विषयवस्तुहरुको प्रभावकारी कार्यान्वयन गर्न यथोचित स्रोत/साधनको सुनिश्चितता गर्नुपर्ने हुन्छ । यसर्थविगतमै तय गरिएका नीति तथा कार्यक्रम कार्यान्वयनको अनुभव र उपलब्ध स्रोत/साधनको उचित तालमेल गर्दै आगामी आर्थिक वर्ष २०७८/०७९ मा समेत विगतका नीति तथा कार्यक्रममा केही परिष्कृत मात्र गरी विषयक्षेत्रगत सहितको १२७ बुँदे नीति तथा कार्यक्रम यो गरिमामय सभा समक्ष पेश गर्दैछु ।

## आर्थिक विकास तर्फः

### कृषि तथा पशुपंक्षी विकास

१. अत्यावश्यक कृषि उपजमा गाउँपालिकालाई आत्मनिर्भर गर्न स्थानीय भूगोल हावापानी सुहाउँदो उत्पादन जस्तै धान, मकै, गहुँ, जौ, कोदो, जस्ता अन्नबाली, सिमी, बोडी, केराउ, मास, मसुरो, गहत, चना, भट्मास आदि कोशेबाली, आलु, काउली, बन्दा, पिँडालु, फर्सी, काँक्रो, गाजर, लौका, स्कुस, करेला, गोलभेंडा जस्ता तरकारी बाली, अदुवा, लसुन, प्याज, बेसार, अलैची, धनियाँ, मेथी, खुर्सानी, तेजपात, टिमुर आदि मसलाबालीको पकेट क्षेत्र अनुसार ***एक वडा एक उत्पादन कार्यक्रम*** संचालन गरी प्रोत्साहन र बजारीकरण गरिनेछ ।

२. स्याउ, सुन्तला, कागती, अमिलो, ज्यामिर, ओखर, नासपाती, केरा, आरु, आरुबखडा, किवी, जस्ता फलफुल उत्पादनलाई प्रोत्साहन तथा प्रवर्द्धन गरी लाई फलफूलमा आत्मनिर्भर बनाइनेछ ।

३. तोरी, चुली, ओखर, दुटेलो, जैतुनको उत्पादन र प्रशोधनबाट खाने तेलमा बारेकोटलाई आत्मनिर्भर बनाइनेछ ।

४. मौसम अनुसारको बाली उत्पादन गर्न र कुन ठाउँको माटोमा कुन जातको बाली उत्पादन हुन्छ त्यही अनुसारको बीउको व्यवस्था गर्नका लागि घुम्ती माटो परिक्षण शिभिर संचालन गरिने छ ।

५. बारेकोटलाई तरकारीमा आत्म निरभर बनाउनका लागि कृषक पाठशाला कार्याक्रम संचालन गरिनेछ ।

६. भेडा, बाखा, घोडा, खच्चड, गाई, भैसी, बंगुर, जस्ता पशुपालन र कुखुरा, हाँस, आदि पंछीहरु, मौरीपालन र माछापालन व्यावसायिक रुपमा पकेट क्षेत्र निर्धारण गरी उत्पादन र बजारीकरणको लागि प्रचार प्रशार गरिनेछ ।

७. खाद्यान्न, तेलहन तथा दलहन बाली विकास कार्यक्रम, उन्नत विउ वितरण, मुल विउ वितरण, नतिजा प्रदर्शन, उत्पादन प्रदंशन, वाली चक्र प्रदंशन, वाली कटानी जस्ता कार्यक्रम नियमित गरिनेछ ।

८. पालिका भित्रका सम्पूर्ण वडाहरुमा पशु स्वास्थ्य शिविर, महामारी रोग बिरुद्धको खोप, महामारी रोग नियन्त्रण, पशु पंक्षी उपचार (मेडिकल,गाइनोलोजिकल, माइनर सर्जरी) समुहलाई डेन्चिगंऔषधी खरिद इपिडिमियोजिकल प्रतिवेदन कार्यक्रम संचालनमा ल्याइने छ ।

९. जोनोटिक रोग नियन्त्रण, रेबिज रोग नियन्त्रणका लागि निशुल्क खोप लगाउने, सामुदायिक कुकुर बन्ध्याकरण, क्षयरोग सर्भिलेन्स जस्ता कार्यक्रम संचालन गरिने छ ।



महेन्द्र बहादुर शाह

१०. व्यवसायिक भेडा बाखापालन गर्ने कृषकहरुलाई, लेयर्स गिरीराज कुखुरा पालन गरी २०० माउ कुखुरा भन्दा माथी उत्पादन गर्ने कृषक समुहलाई प्रति अन्डा उत्पादनका आधारमा अनुदान दिने व्यवस्था मिलाईने छ। त्यस्तै गाई, भैसी पालन गर्ने कृषकहरुलाई दुध उत्पादन गरी डेरी पसलमा बिक्री गरेको आधारमा प्रतिलिटरमा आधारित अनुदान कार्यक्रम संचालनमा ल्याइने छ।

११. स्थानीय जातको कुखुरा लोप हुदै गइरहेको अवस्थालाई मध्यनजर गरी स्थानीय कुखुरा पालन समुह दर्ता गरी स्थानीय कुखुराको चल्ला बितरणको कार्यक्रम संचालनमा ल्याइने छ ।

१२. पशु बिमा प्रबद्धन कार्यक्रम, मत्स्य बिकास कार्यक्रम, पशु नस्ल सुधार कार्यक्रम र पशु पोषण सुधार जस्ता कार्यक्रम संचालन गरिने छ।

१३. भौगोलिक बिकटताका कारण पशु सेवा केन्द्र लिम्सामा आई पशु बस्तुहरुलाई सेवा लिन समस्या हुने भएको हुदा ***एक वडा एक पशु सेवा इकाई*** स्थापना गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाइने छ।

१४. पालिका भित्रमा बाँझो जमिनहरुको तथ्यांक संकलन गरी आवश्यक नीति तयार सहित **"कृषक संग जन प्रतिनिधि कार्यक्रम"** निरन्तरता दिईने छ।

१५. गुणस्तरीय कृषि उत्पादन, उचित प्रशोधन, भण्डारण तथा बजारीकरण, वितरणमा सहजीकरण र नियमन गरी खाद्य तथा पोषण सुरक्षाको लागि सरकारी, निजी, सहकारी र समुदायको साझेदारीमा कृषिमा आधुनिकीकरण, व्यावसायिकरण, यान्त्रिकीकरण, विविधीकरण एवं विशिष्टीकरण गर्ने र प्राङ्गारिक खेतीलाई प्राथमिकता दिने नीति लिइनेछ।

१६. सहकारी र स्थानीय समुदायको सहभागितामा रैथाने प्रजातिका कृषि बालीवस्तुहरुको उचित संरक्षण र सम्वर्द्धन गरिनेछ। सबै कृषियोग्य भूमिको माटो परीक्षण, बिउ, सिंचाइ र प्राङ्गारिक मलको उचित संयोजन गरी उत्पादन बृद्धिमा जोड दिइनेछ। माटो, मौसम र बीऊको संयोजन गरी बेमौसमी उत्पादनलाई जोड दिइनेछ।

१७. पशुवस्तुमा विभिन्न समयमा संक्रामक तथा असंक्रामक रोगहरु महामारीको रुपमा देखा परी कृषकहरुमा ठुलो आर्थिक क्षेति पुर्याउने रोगहरुको सर्भिलेन्स अन्वेषण पहिचान रोकथामनियन्त्रण तथा अनुगमनका कार्यक्रमहरु समावेश गरिनेछ ।

१८. पशु जन्य पदार्थ तथा पशु उत्पादन सामाग्रिको स्वस्थ उत्पादन बिक्री वितरण उपभोग तथा निकासी पैठारी गर्ने सम्बन्धमा प्रभावकारी रुपमा कार्यान्वयन गर्न विभिन्न पशु उपचारको लागि औषधी खोप खरिद गरी पशु स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ ।

१९. यस पालिकाको कुनै पनि ठाउँमा पशुवस्तुमा महामारी रोग फैलिएर पशुवस्तुको ठुलो क्षेति भएमा तत्काल प्रविधिक टोली खटी रोग पहिचान गरी रोकथाम तथा नियन्त्रणमा लिनको लागि महामारी रोग निन्त्रण शिविर संचालन गरिनेछ भने पशुपन्छी शाखा बाट सेवा प्रवाह नपुगेका बस्तीहरुमा पुगी बर्षमा ३ पटक सम्म कृषकहरुले पालन पोषण गरेका पशुपन्छीलाई निशुल्क औषधी बितरण कार्यक्रम गरिने छ।

२०. कृतिम तरिका बाट पशुहरुलाई आगामी बर्षमा नश्ल सुधार गर्ने र प्राकृतिक गर्भधान राँग, बोका, थुमा , कुखुरा, उन्नत पशुपन्छी खरिद तथा बितरण गरि कृषकहरुको उत्पादन मा बृद्धि गरिने छ।

२१. कृषकहरुले परम्परागत तरिकाले पशुपालन गरेको हुदा उत्पादनमा निकै कमि आएको छ । उत्पादनमा बृद्धि ल्याउनको लागि आधुनिक खोर निर्माण को लागि अनुदान रकम दिई कृषकलाई टेवा पुर्याउने काम गरिने छ।

२२. पालिकाको पशु सेवा कार्यक्रम संचालन गर्नको लागि किसानलाई एउटै घेरा भित्र राखि कार्यक्रम संचालन गर्न प्रभावकारी हुने भएकोले आवश्यक ठाउँमा समुह तथा समिति गठन कार्यक्रम संचालन गर्न सकिनेछ ।

२३. पालिकाका किसान समुह समिति फर्महरुले पशु पालन सम्बन्धि नमुना कार्यक्रम गरे वापत उक्त किसान समुह समिति तथा फर्महरुलाई छनोटको आधारमा उच्च मुल्यांकन गरी कृषक प्रोत्साहान स्वरुप केही रकम प्रदान गरीनेछ ।



Scanned with CamScanner

२४. पालिकाका एकल महिला विपन्न वर्ग तथा पिछडिएको महिला समुहलाई छनोट गरी उन्नत बाख्रा अनुदान कार्यक्रम उन्नत कुखुरा अनुदान कार्यक्रम उन्नत बंगुर अनुदान कार्यक्रम संचालन गरिनेछ भने पशु वस्तु उत्पादन तथा संख्याको आधारमा पशु पकेट छनोट गरी कार्यक्रम संचालन गर्न सकिनेछ ।

२५. पालिका भित्र किसान समुह समिति फर्म लाई छनोट गरी विभिन्न पशु पालन सम्बन्धि वडा स्तरिय र पालिका स्तरीय तालिम कार्यक्रम संचालन गरिनेछ ।

२६. पालिकाको प्रत्येक वडामा विभिन्न पशु सेवा कार्यक्रमहरु पशु खोप शिविर तथा पशु उपचार कार्यक्रमहरु संचालन गर्नको लागि प्रत्येक वर्ष पशु तथ्यांक संकलन कार्यक्रम संचालन गरिनेछ ।

**सिंचाई**

२७. सिंचाइका श्रोतहरुको पहिचान गरी खेतीयोग्य जमीनमा सिंचाइ सुविधा उपलब्ध गराउन सिंचाइ प्रणालीको विकास गरी कृषि उत्पादन कार्यलाई प्राथमिकताका दिइनेछ ।जलउत्पन्न प्रकोपलाई न्यूनीकरण गर्न नदी, जोखिमयुक्त जलाशय, नदी तथा पहिरो नियन्त्रणका लागि प्रभावकारी योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

**पर्यटन**

२८. महत्वपूर्ण पर्यटकीय स्थानको रुपमा रहेको साइकुवारी तिर्थ स्थललाई संरक्षण तथा प्रचार प्रशार गरी पदमार्ग निर्माण गर्ने र अन्य पर्यटकीय क्षेत्रको सूची तयार गरी प्रचार प्रसार गरिने छ ।

२९. पहिचान गरिएका पदमार्गहरुको डिजिटल नक्सांकन, विभिन्न स्थानमा पदयात्रीहरुका लागि उचाई तथा दुरी सहित बोर्ड राखिने छ ।

३०. पालिका भित्र रहेका सबै ऐतिहासिक, धार्मिक, पुरातात्विक स्थल, भाषा, धर्म संस्कृतिको खोज, संरक्षण र सम्वर्द्धन गरिनेछ । साथै प्रचार प्रसारका लागि आवश्यक कार्यक्रमहरु जस्तै सामाजिक संजाल, वेबसाइट, बुकलेट प्रकाशन आदि कार्य संचालन गरिनेछ ।

३१. परम्परागतरुपमा प्रयोग हुदै आएको बिभिन्न भाषा संस्कृतीहरुलाई संरक्षण गर्दै मगर खाम भाषाको पहिचान गरि संरक्षणका लागि आवश्यक नीति लिइने छ ।

**लघु उद्यम स्थापना, रोजगारी सिर्जना र आन्तरिक आय अभिवृद्धि**

३२. काम गर्ने उमेरका जनशक्तिलाई समग्र विकास निर्माणका काममा परिचालन गरी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन स्थानीय सरकारले समेत आवश्यक लगानी गरि उक्त कार्यक्रमलाई प्रभावकारी बनाईनेछ । यसका लागि आ.व.२०७८।७९ देखि संचालन हुने रु. ५ लाख सम्मका योजनाहरुको श्रमीक समूह द्वारा कार्य गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

३३. बेरोजगार यूवाहरुको तथ्यांक संकलन गरी युवाहरुलाई रोजगारमुलक कार्यक्रमको व्यवस्था मिलाईने छ। साथै प्रधानमन्त्री युवा रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउन प्रत्येक वडाले आयोजनामा खटिने बेरोजगारहरुको सुचीकरण गरी तोकिएको मितिभित्र रोजगार सेवा केन्द्रमा फाराम पठाउने र सुचिकृत बेरोजगारहरुलाई कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरुमा खटाइनेछ ।

३४. काम गर्ने उमेर पुगेका व्यक्तिलाई सीप, उद्यमशिलता र सहुलियत पूर्ण ऋण उपलब्ध गराउन आवश्यक पहल गरिनेछ । फर्म दर्ता तथा स्थायी लेखा नम्बर प्राप्त गर्न सहजीकरण गरिनेछ ।

३५. चालु आ.व.मा गरिवी निवारणका लागि लघु एद्यम बिकास कार्यक्रमको प्रभावकारीता राम्रो देखिएकाले यस एक्त कार्यक्रमको लागि यसै आ.व. २०७८/७९ देखि लागू हुने गरी उद्यम विकास शाखा स्थापना गरिनेछ। गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमका लागि थप बजेटको व्यवस्था गरेको छ ।

३६. यस पालिकामाबाट संचालन हुने कृषि तथा पशु पालक कृषक तथा समुहहरुका लागि आवश्यकता अनुसार उद्यमसिलता तालिम संचालन गरिनेछ ।

**उद्योग, वाणिज्य र सहकारी**

३७. दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहज रुपमा आपूर्ति हुने व्यवस्था मिलाउनका साथै नियमित अनुगमन तथा नियमन मार्फत बजारलाई व्यवस्थित गरिनेछ ।

३८. बजारमा अवधि नाघेका खाद्यवस्तु र औषधि बिक्री वितरणमा रोक लगाइनेछ । दर्ता नभएका, उत्पादन मिति तथा मिश्रण उल्लेख नभएका र प्रयोग अवधि उल्लेख नभएका तयारी खाद्यवस्तु बजारमा बिक्री वितरणमा प्रतिबन्ध लगाइनेछ ।

३९. खाद्यन्न आपुर्तीका लागि खाद्य डिपो र नुन आपुर्तीको लागि नुन डिपोको स्थापना यस आ.व. देखी गरिनेछ ।

४०. तिन खम्बे अर्थ नीति अनुसार पालिका भित्र संचालनमा रहेका सम्पूर्ण सहकारीहरुलाई क्रियाशिल बनाउने र सहकारी संस्थाका पदाधिकारीहरुको क्षमता बिकासमा जोड दिइने छ ।

## सामाजिक विकास तर्फः

**शिक्षा तथा खेलकुद**

४१. कोभिड १९ बाट उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि वैकल्पिक विधिको प्रयोग गरी बालबालिकाहरुको सिकाई सहजिकरण गरिनेछ । जसका लागि बालबालिकाहरुका लागि घरमै बसी अभिभावकको सहयोगमा सिकाई सहजिकरण कार्यका लागि स्वाध्यायन सामाग्रीको छपाई तथा वितरण गरिनेछ तथा आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

४२. विद्यालयहरुमा CUG (Close User Group) सेवा सुचारु गर्न आवश्यक पहल गरी फोन मार्फत विद्यार्थिहरुको सिकाई सहजिकरण गर्ने कार्यको थालनी गरिनेछ ।

४३. गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा वितरण गरिएको शिक्षण सिकाई अनुदान (बालविकास, प्रावि, निमावि, मावि र कम्प्युटर सहायक) लाई निरन्तरता तथा थप दरबन्दीको व्यवस्था गरिनेछ ।

४४. विद्यालयहरुको भौतिक व्यवस्थापनलाई व्यवस्थित गरी शिक्षण सिकाई कार्यलाई प्रभावकारी बनाउन आवश्यकताका आधारमा प्राथमिकिकरण गरी विद्यालयहरुमा थप भौतिक पुर्वाधारहरुको व्यवस्था गरिनेछ ।

४५. गाउँपालिकाबाट संचालन अनुमति प्राप्त सामुदायिक बालविकास केन्द्रहरुमा दरबन्दीको व्यवस्थापन तथा भौतिक पुर्वाधारको व्यवस्थापन गरी शिक्षण सिकाईलाई सहज तथा प्रभावकारी बनाइनेछ ।

४६. शिक्षकहरुको पेशागत क्षमतालाई अभिवृद्धि गर्न पालिकास्तरमै थप तालिम तथा अभिमुखिकरणको व्यवस्था गरिनेछ । साथै बालबालिकाहरुको आन्तरिक क्षमता तथा प्रतिभा प्रष्फुटनका लागि पालिकास्तरमा विभिन्न अतिरिक्त कियाकलापहरुको संचालन तथा व्यवस्थापन गरिनेछ ।

४७. शैक्षिक योजना तयारी तथा प्रवोधिकरण, शैक्षिक क्यालेन्डर निर्माण, स्थानिय स्तरमा संचालन गरिने विभिन्न परीक्षाको प्रभावकारी व्यवस्थापन तथा संचालन गरिनेछ ।साथै स्थानिय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

४८. हालसम्म बारेकोट गाउँपालिमा उच्च शिक्षा प्रदायक शिक्षण संस्था नभएको र आगामी दिनमा पालिकामै उच्च शिक्षाको पहुँच हुनेगरी एउटा स्नातक तहको पठनपाठन गर्न क्याम्पस



महेन्द्रबहादुर शाह
अध्यक्ष

Scanned with CamScanner

स्थापनाका लागि आवशययक पहल गरिनेछ । साथै पालिकामा नमुना विद्यालय स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

४९. अवश्यकताका आधारमा पालिकाबाट नियुति भएका शिक्षकहरु र बाल विकास केन्द्रका कर्मचारीहरुलाइ दरबन्दीमा रुपान्तरण गर्नका लागि संघीय सरकारसंग समन्वय गरिनेछ ।

५०. बालविकास तथा विद्यालयका कर्मचारीहरुको नेपाल सरकारले तोकेबमोजिमको न्युनतम पारिश्रमिकको व्यवस्था गर्न आवश्यक स्रोतको व्यवस्थापन गरिनेछ ।

५१. विद्यालयका शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुको पोशाकलाई अनिवार्य गरी कार्यान्वयनमा ल्याइनेछ ।

५२. बद्यार्थी भर्न र टिकाउलाइ प्रत्साहित गर्दै दिगो र गुणस्तरीय शिक्षाको लागि सवै बद्यालयका बालविकास कक्षा देखि ५ कक्षा सम्मका विद्यार्थीलाइ पोषणयुक्त दिवा खाजाको व्यवस्था गरिने छ ।

५३. विद्यालयका प्रधानाध्यापकहरुको नियमित बैठक तथा विद्यालयहरुले पालिकामा त्रैमासिक प्रगति प्रतिवेदन पेश गर्ने कार्यको सुरुवात गरिनेछ ।

५४. विद्यालयहरुको गुणस्तर सुधार, सिकाई सुदृढिकरण तथा कार्यसम्पादनमा थप सुधार गर्न आवश्यक कार्य अघि बढाइनेछ ।

**स्वास्थ्य**

५५. बारेकोटबासीलाई सर्वसुलभ र गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक नीतिगत, कानूनी र संरचनागत सुधार गरिनेछ ।विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को जोखिमलाई नियन्त्रण तथा रोकथामका लागि भएका प्रयासहरुलाई आगामी आर्थिक वर्षमा थप प्रभावकारी बनाउन आवश्यक राहत प्याकेजहरु ल्याईनेछ । यस गाउँपालिकाको केन्द्र लिम्सामा १० शैयाको एक आइसोलेशन अस्पताल निर्माण गरी आवश्यक औषधि उपकरणहरुको व्यवस्थापन गरिनेछ ।

५६. विगतका वर्षहरुमा एमबिबिएस डाक्टर नहुदा स्थानीयले भोग्नु परेको पीडा सर्व विदितै छ । गाउँपालिकाको पहलमा हाल दुई जना डाक्टर निरन्तर रुपमा प्राथमिक स्वास्थ्य केन्द्रमा रही नियमित बीरामीको उपाचारमा खटेको अवस्था छ । प्राथमिक स्वास्थ्य केन्द्र लिम्सालाई स्तरउन्नोती गरी १५ शैयाको अस्पताल स्थापना गर्ने राष्ट्रिय लक्ष्य अनुरुप गाउँपालिकाबाट आवश्यक सहयोग गरी थप विशेषज्ञ डाक्टरहरुको व्यवस्थापन गरिनेछ । यसै वर्षबाट प्राथमिक स्वास्थ्य केन्द्रमा भिडियो एक्सरे, इसिजी, एक्सरे लगायतका विशेष उपकरण र सो संचालनका लागि स्वास्थ्यकर्मीलाई आवश्यक तालिम संचालन गर्ने र स्वास्थ्य केन्द्रबाट बीरामीलाई २४ सैं घन्टा सेवा प्रवाह हुने गरी खानेपानी तथा बत्तीको व्यवस्था मिलाईने छ ।

५७. यस पालिका भित्र स्थापना भएका सम्पूर्ण आधारभुत स्वास्थ्य केन्द्रहरुलाई स्वास्थ्यचौकीमा स्तरोउन्नती गर्न आवश्यक पहल गरिनेछ ।

५८. प्राथमिक स्वास्थ्य केन्द्र लिम्सामा भ्याक्सिन स्टोर गर्नका लागि कोल्डचेनको व्यवस्था गर्नुका साथै पालिका भित्रका बर्थिगं सेन्टरहरुलाई व्यवस्थित गर्ने सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा अतिआवश्यक औजार उपकरण, स्टेचर फर्निचर जस्ता साधन श्रोतले सम्पन्न बनाईने छ ।

५९. जोखिममा परेका गर्भवती तथा सुत्केरी आमा र बच्चाको जीवन रक्षाका लागि हवाइ उद्धार सेवा सन्चालनका लागि आवश्यक समन्वय गरी संचालन गरिनेछ ।

६०. स्वास्थ्यकर्मीहरुको सीप बिकासका लागि बिभिन्न तालिम संचालन गर्न जिल्ला प्रदेश र संघीय सरकारसंग समन्वय गरी तालिम प्रदान गर्ने व्यवस्था मिलाइने छ ।



Scanned with CamScanner

६१. पोषणसंग सम्बन्धित कार्यक्रमहरुलाई प्राथमिकतामा राखी संचालन गरिनेछ।

६२. कडा प्रकृतिका रोग लागि उपचार गर्न नसकेका नागरिकहरुका लागि उपचारको व्यवस्था मिलाउन पहल गरिने छ।

६३. नेपाल सरकारसंगको समन्वयमा सबै नागरिक स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुने व्यवस्था मिलाइनेछ।

६४. सबै स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारतर्फ ध्यान दिदै भवन निर्माण, मर्मत र घेरबार निर्माण गर्न जोड दिइने छ।

६५. सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा प्रयाप्त मात्रामा औषधीको व्यवस्था गरिने छ। त्यसैगरी हजार दिनका आमाहरुसंग (संस्थागत सुत्केरी) उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिईनेछ।

६६. सबै स्वास्थ्यहरुमा सौर्य प्रणली जडान गरी प्रिन्टर, डेक्सटप, तथा ल्यापटपको व्यवस्था गरि कार्यक्रमलाई सहज र प्रभावकारी बनाइनेछ।

६७. सम्पूर्ण बालबालिकाहरुले पूर्ण खोप सेवा लिएको सुनिश्चित गर्नका लागि वडा नम्बर ५ को करुका लगायत खोप क्लिनिकबाट टाढा रहेका बस्तीहरुमा नियमित खोप सेवा क्लिनिक संचालन गरिनेछ।

६८. क्षयरोग तथा कुष्ठरोगका बिरामीहरुको समयमै पहिचान गरी सरल र सहज रुपमा उपचार गर्ने व्यवस्था मिलाईनेछ।

६९. स्वास्थ्यको लागि सक्षम प्रणाली, सुआहारा कार्यक्रम र पाँचतारा युवा संरक्षण मन्चले संचालन गरेको इजिआरपी कार्यक्रमलाई आ.व २०७८/०७९ मा पनि निरन्तरता दिईनेछ।

**खानेपानी तथा सरसफाई**

७०. खानेपानी तथा सिँचाइको दीर्घकालीन समस्या समाधान गर्न स्वच्छ खानेपानी तथा सिँचाइ उपलब्ध गराउने नीतिलाई निरन्तरता दिईनेछ। क्रमिक रुपमा ***एक घर एक धाराको नीति*** अवलम्बन गरिनेछ। विद्यालय र स्वास्थ्य संस्थामा र वडा कार्यालयहरुमा खानेपानीको अवधारणा अनुसार स्वच्छ तथा गुणस्तरीय खानेपानी उपलब्ध गराइनेछ। विकट बस्ती तथा खानेपानीका स्रोत नभएका स्थानहरु पहिचान गरी त्यस्ता बस्तीहरुलाई उच्च प्राथमिकता दिईनेछ। खानेपानी योजनालाई दिगोरुपमा संचालन गर्नका लागि मर्मत संभारकोषको स्थापना गरी योजनाको मर्मत संभार गरिने छ।

७१. खानेपानी तथा सिंचाईको अति आवश्यक भएका वडा तथा बस्तीहरुमा योजना संचालन गर्नका लागि गैरसरकारी संघ संस्थाहरुसंग समन्वय गरी योजनाहरु संचालनमा ल्याइने छ।

७२. सरसफाई सम्बन्धी रणनीतिक कार्ययोजना बनाई सरसफाई लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। वडा कार्यालय लगायत मानिसहरुको भिडभाड हुने मुख्य मुख्य सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालयहरु निर्माणका लागी क्षेत्र पहिचान गरि आवश्यक बजेट व्यवस्थाका लागी पहल गरिनेछ।

**लक्षित वर्ग**

७३. छोरीहरुको खानपिन उपचार लालनपालन शिक्षा आदिमा हुने भेदभाव अन्तर्गत कम उमेरमा हुने बिबाह रोक्न, छिटै र धेरै सन्तान जन्माउँदा आमा र बच्चा दुवैको स्वास्थ्य कमजोर हुने अवस्था आउन नदिन, घर र खेतीपातीमा महिलालाई निःशुल्क कामदारको रुपमा हेर्ने परम्परा अन्त्य गर्न, रजश्वला हुँदा गरिने निकृष्ट व्यवहारलाई दण्डित गर्न अरुलाई खाना खुवाएर बचे पछि मात्रै खाने परिवारको हेपिएको सदस्यको रुपमा गरिने व्यवहार हटाउन छोरीको गर्भ र जन्मदेखि नै समान रुपले हुर्काउन, पढाउन, विभेद रहित र सुरक्षित छु भन्ने आभास दिलाउन, समान अवसरका साथ राज्यका सबै क्रियाकलापमा सरिक हुने वातावरण बनाउन आवश्यक सबै उपाय अवलम्बन गरि, छोरी खाता सञ्चानलका लागी व्यापक रुपमा विस्तार गरिनेछ।

७४. दलित प्रतिको अमानवीय र निकृष्ट व्यवहार हटाउने तमाम प्रयास र प्रतिबद्धताबाट अनुभूत हुने तहको परिवर्तन भएको नदेखिँदा विभेद न्यूनीकरणका नयाँ र अन्तर सम्बन्धित सामाजिक व्यवहार निर्माण, व्यक्ति व्यक्ति बिच आपसी प्रेम र सद्भाव पैदा हुने वातावरणको सिर्जना र सामाजिक अन्तरघुलनका उपायहरुको अवलम्बन, कुरितीजन्य सोचको रुपान्तरण र अन्तरदलित विभेद समेत हटाउँदै आत्मनिर्भर हुन उद्यमशीलता,



बारेकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
जिल्ला जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३
महेन्द्र बहादुर शाह
अध्यक्ष

Scanned with CamScanner

रोजगारी र आयआर्जनका अवसरहरुको सिर्जना र पहुँचबाट यस्तो सामाजिक विभेद समूल नष्ट गरी एउटा आदर्श र समतामूलक समाज निर्माण गर्ने दिशामा स्थानीय सरकारका कार्यक्रमहरु लक्षित हुनेछन्।

७५. महिला तथा दलित आयआर्जन कार्यक्रम लागु गरी परम्परागत मौलिक सीप र कलालाई प्राविधिक शिक्षा समेतको माध्यमले आधुनिकीकरण र व्यावसायिक बनाई रोजगारीका थप अवसरहरु सृजना गरिनेछ।

७६. अपाङ्गता भएको व्यक्तिहरुलाई परिचय पत्र वितरण गर्दा पूर्ण अपाङ्ग भएका व्यक्तिहरुलाई गाउँपालिकाको कार्यालयमा ल्याएर परिचय पत्र लिनका लागि ३/४ जना मानिसहरुले बोकेर ल्याउने दुख पाउन भएकाले सो समस्यालाई मध्यनजर गरी वडा वडामा गएर अपाङ्ग परिचय पत्र वितरण गर्न घुम्ती शिविर सञ्चालन कार्यक्रम ल्याइएको छ।

## पूर्वाधार तर्फ

७७. साना जलविद्युत, वैकल्पिक उर्जा (सोलार) आदिको सम्भाव्यता तथा विस्तृत अध्ययन गर्दै वडा नं. ५ मा परिक्षण स्वरुप मिनिग्रेड प्रणालीमा सञ्चालनमा आवश्यक पहल गरी उज्यालो बारेकोट अभियानलाई अगाडि बढाउन केन्द्रिय लाइन विस्तारमा विशेष जोड दिइने छ।

७८. यस पालिकामा रहेका लघुजलविद्युत्त आयोजनालाई प्रभावकारी व्यवस्थापन गर्न फलामे पोल विस्तार गर्ने तथा निर्माणाधीन अवस्थामा रहेका योजनाहरुलाई केन्द्र तथा प्रदेश सरकारसँग समन्वय गरि निर्माण सम्पन्न गरिनेछ। निर्माणको अन्तिम चरणमा रहेको अयारीखोला लघु जलविद्युत आयोजनालाई तत्काल सम्पन्न गर्ने व्यवस्था गरिनेछ।

७९. गाउँपालिका महत्वका रणनीतिक सडकहरुमा आवश्यकता अनुसार लागि **"हाम्रो जनता सडक कार्यक्रम"** कार्यक्रम निरन्तरता दिदैं **"हरेक टोल र बस्तीमा सडक निर्माण बर्ष भरी नै गाडी संचालन गर्ने हाम्रो अभियान कार्यक्रम"** ल्याई परिणाममूखी कार्यान्वयन गरिनेछ। सो कार्यक्रम अन्तर्गत सबै वडाहरुको केन्द्रबाट गाउँपालिकाको केन्द्र जोड्ने सडक निर्माणमा उच्च प्राथमिकता दिन तत्कालै प्रारम्भिक सम्भाव्यता अध्ययन तथा सर्भे गर्ने कार्य लाई तिब्रता दिदैं सर्भे डिजाइन भइसकेका र ट्र्याक खनि सकेका सडकहरुको बाँकि कामलाई तिब्रता दिइने छ।

८०. हानीसल्ला - लिम्सा - सिलिगीचौर हुँदै दह सडक स्तरोन्नती कार्यलाई यसै आर्थिक वर्षदेखि शुरुवात गरिनेछ।

८१. ध्यापाटाकुरा लिम्सा सडकको स्तरोन्नती कार्य यसै आ.व.मा सम्पन्न गरनेछ

८२. विद्यालय जाने बालबालिका, बिरामी, अशक्त लगायत आम नागरिकको सुविधा तथा अन्य सेवाको पहुँचमा अभिवृद्धि गराउनको लागि कुनैपनि बारेकोटबासीले एकघण्टा भन्दा बढीको फेरो लगाउनु नपर्ने गरी खोलानालाहरुमा नेपाल सरकार तथा प्रदेश सरकारसँगको सहकार्यमा आवश्यक झोलुङ्गे पुल निर्माण गरिनेछ।

८३. नेपाल सरकारले तोकेअनुसार वर्गीकरण गरिएका Village Road, City Road, Federal Road, National Highwayको मापदण्ड अवलम्बन गरिनेछ।

८४. घोडेटो बाटो न्युनतम लम्बाई २ मीटर हुनुपर्ने गरी कार्यान्वयन गरिनेछ।

८५. सडकको मुल्यांकन गर्ने नयाँ प्रविधिको अवलम्बन गर्न प्राविधिकहरुको क्षमता विकासका तालिम सञ्चालन गरिनेछ। प्रत्येक वडाहरुमा रहेका खानेपानीको योजनामा कम्तीमा १० वा सोभन्दा माथि घरदुरी उपभोग गर्ने आयोजनाहरु खानेपानी गुणस्तर परिक्षण कार्यक्रम संचालन गरिनेछ र गुणस्तर जाँचको लागि आवश्यक सामाग्री खरिद गरिनेछ।

**भवन तथा सहरी विकास :**

८६. सबै वडा कार्यालयको भवन निर्माण गर्ने लक्ष्य अनुरुप निर्माण हुन बाँकी वडा कार्यालयहरु २, ५ र ८ को निर्माण कार्य आगामी आ.व.मा सम्पन्न गरिनेछ।

८७. वडा नं. १, ३, ४, ६, र ९ को वडा कार्यालय भवनको घेराबार निर्माण गरी वडा कार्यालयहरुमा गुणस्तरीय खानेपानी यसै आगामी बर्षमा निर्माण कार्य सम्पन्न गरिने छ।



Scanned with CamScanner

८८. नेपाल सरकारको भवनसम्बन्धी आचार संहिता लागू गरिनेछ । गाउँपालिकामा निर्माण हुने घरहरु भूकम्प प्रतिरोधी बनाउनका लागि प्रत्येक वडाका स्थानीय २० जना मिस्त्रीहरुलाई MESON तालिम संचालन गरिनेछ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ**

८९. विपद्को पूर्वतयारी, खोज तथा उद्धार, राहत वितरण, पुनर्स्थापना र लेखाजोखा लगायतका सबै चक्रलाई आत्मसात् गरी समन्वयात्मक क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

९०. यस गाउँपालिकाका विभिन्न वन क्षेत्रमा लोपोन्मुख पशुपन्छी, वन्यजन्तु, जडिबुटी पाइने र तीनको चोरी शिकारी तथा निकासी पैठारी हुने गरेकोले यसको नियन्त्रण तथा न्युनीकरणका लागि आवश्यक चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

९१. बाढी पहिरोका कारण बारेकोटका अधिकासं गाउँबस्तीहरु उच्च जोखिममा रहेकोले विस्तृत अध्ययन र अनुसन्धान गरी एकीकृत बस्ती व्यवस्थापन तथा बाढी, पहिरो, भूक्षय रोकनका लागि ***रुख रोपौं, आफू बचौं र गाउँलाई बचाऔं*** कार्यक्रमलाई उच्च प्राथमिकताका साथ संचालन गरिनेछ ।

**सुशासन तथा अन्तरसम्बन्ध**

९२. गाउँपालिकाले बहुक्षेत्रीय पोषण योजना(MSNP)कार्यान्वयनको लागि निम्न नीति अबलम्बन गर्ने छ ।

९३. यस बारेकोट गाउँपालिकामा महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यका साथ बहुक्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ कार्यान्वियन गर्नलाई यस आबका लागि यस बारेकोट गाउपालिकाले ३५ लाख रकम समपुरक कोष (Matching fund) को व्यबस्था गर्नेछ ।

९४. बहुक्षेत्रीय पोषण योजना अन्तरगत पोषण मैत्री स्थानीय शासन(NFLG) अवलम्बन गर्न पोषण मैत्री वार्ड घोषणाका लागि बिशेष अभियान सन्चालन गर्ने छ । यस्का लागि एक वडा, एक पोषण मैत्री नमुना गाउको अभियान यसै बर्षबाट कार्यान्वियन गरिनेछ । वडाले प्राप्त गर्ने बजेटबाट समेत बजेट बिनियोजन गरी वार्ड घोषणा अभियानलाई बिशेष प्राथमिकतामा राखि कार्य गरिनेछ । यस बर्ष ९ वार्डलाई पोषण मैत्री वार्ड घोषणा गरिनेछ ।

९५. नेपालका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वियनलाई यस बारेकोट गाउपालिकाले उच्च प्राथमिकतामा राख्ने छ । सोही अनुरुप आ.ब.को २०७८।०७९को लागि नेपाल सरकारबाट प्राप्त हुने बजेट र यस गाँउपालिकाले छुट्याएंको समपुरक रकम समेतलाई बिषयगत तथा क्षेत्र गत बिनियोजन गरी पोषण सुधारको लागि तोकिएको क्रियाकलापमा खर्च गरीने छ ।

९६. बहुक्षेत्रीय पोषण योजनाले निदृष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तीको लागि विषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र सम्बेदनशिल क्रियाकलाहरु सन्चालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः बाल पोषण अनुदान, खोप कार्यक्रम, बाल मैत्री स्थानीय शासनमा आदिमा समेत बहु क्षेत्रीय पोषण योजनालाई समाबेश गर्दै लगिने छ ।

९७. नगर तथा गाँउ पालिकाको पोषण सम्बन्धी सुचना, तथ्यांकहरुको व्यबस्थापनको कमी भएको कुरालाई महशुस गर्दै नगर वा गाँउ पालिकामा पोषणको क्षेत्रमा कार्यरत संघसंस्थाहरुको सहकार्यमा नगरपालिका स्तरीय पोषण पाश्र्व चित्र( Nutrition Profile) यसै बर्ष भित्र तयार गरिने छ ।

९८. समाजमा बिद्यमान कुरुती जस्तैः छाउपडी, बाल बिबाह र छुवाछुत जस्ता संस्कार र बिकृती अन्त्यका लागि ठोस नियम बनाई कार्यान्वियन गर्ने ।

९९. सवैस्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वियन तथा अनुगमन, सुशासन र पारदर्शिताको सुनिश्चितता गरिनेछ ।



Scanned with CamScanner

**संस्थागत विकास तथा सेवा प्रवाह तथा विविध तर्फ**

१००. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरूद्वारा सञ्चालन गरिने कार्यक्रमहरूलाई पारदर्शी र जवाफदेही बनाइनेछ । प्रदेश सरकारको प्राथमिकताका क्षेत्रमा दोहोरो नपर्ने गरी स्रोत परिचालन गर्न प्रोत्साहित गरिनेछ। विकास साझेदारहरूको सहयोगलाई स्थानीय प्राथमिकताको क्षेत्रमा बजेट प्रणाली र स्थानीय सञ्चित कोष मार्फत परिचालन हुने व्यवस्था मिलाइनेछ।

१०१. विकास साझेदारहरुबाट हुने कार्यक्रमहरु (सचेतना, अध्ययन, अनुसन्धान र पूर्वाधार विकास) स्थानीय सरकारको वार्षिक विकास कार्यक्रममा आबद्धता गराई लागु गरिनेछ ।

१०२. स्थानीय सरकारको प्राथमिकतालाई कार्यान्वयन गर्न आवश्यक थप नीतिगत तथा कानूनी व्यवस्था गर्दै लागिनेछ । लागत अनुमान, सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार भएका परियोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने प्रणालीको विकास गरिनेछ ।

१०३. सालबसाली रुपमा सम्पन्न हुने आयोजनाहरुको हकमा उपभोक्तासमिति भित्र श्रमको सम्मान गर्दै सामाजिक श्रमदानको संस्कृति विकास गर्न प्रदेश सरकारले सञ्चालनमा ल्याएको श्रमदान अभियानलाई सफल पार्न यस गाउँपालिकाले समेत निरन्तरता दिइनेछ ।

१०४. प्रदेश समन्वय परिषद्को पहिलो र दोश्रो बैठकबाट निर्णय भएका साझा प्रतिबद्धतालाई प्राथमिकताका साथ कार्यान्वयन गर्न प्रदेश सरकारलाई सहयोग गर्ने नीति लिइनेछ ।

१०५. प्रदेश र स्थानीय तह बीच दोहोरोपना नहुनेगरी आपसी समन्वय र साझेदारीमा आयोजनाहरु सञ्चालन गरिनेछ ।

**गाउँ सभा सदस्यहरु**

१०६. नेपाल सरकारबाट प्राप्त हुने अनुदान, प्रदेश सरकारबाट प्राप्त हुने अनुदानलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

१०७. करहरुको दायरा विस्तार गर्न नीतिगत व्यवस्था गरिनेछ ।

१०८. सञ्चालन खर्चलाई निश्चित सीमाभन्दा बढ्न नदिन अनिवार्य दायित्व सिर्जना हुनेगरी सडक र पूँजी निर्माण हुने क्षेत्रमामात्र लगानी केन्द्रित गरी खर्च गर्ने क्षमता बढाउँदै लगिनेछ ।

१०९. उपलब्ध साधन तथा स्रोतको अधिकतम उपयोग गर्न योजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गर्न स्वचालित पद्धतिको अवलम्बन गरिनेछ ।

११०. दीर्घकालीन सोचका आधारमा आवधिक योजनासँग तालमेल हुने गरी वार्षिक बजेट र विकास कार्यक्रम तर्जुमा गरिनेछ ।

१११. संघ र स्थानीय तह, प्रदेश र स्थानीय तहको साझेदारीमा सम्पन्न गर्न सकिने तथा स्थानीय तह स्वयंले सञ्चालन गर्ने सम्भावित आयोजनाहरुको सूची तयार गरिनेछ ।

११२. वार्षिक बजेट तर्जुमा, कार्यान्वयन, सार्वजनिक खर्च लेखाङ्कन र प्रतिवेदन लगायतका कार्यहरु तथ्य र मापदण्डको आधारमा गर्ने गरी वित्तीय जवाफदेहिता सम्बन्धी नीतिगत, कानूनी र संरचनागत व्यवस्था गरिनेछ । यसका लागि नेपाल सरकार द्वारा स्वीकृत सुत्र नामक सफ्टवेयरमा आधारित प्रविधिलाई पूर्ण रुपमा अवलम्बन गरिनेछ ।

११३. सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनी व्यवस्था गरी बजेट विनियोजन, खर्च र प्रतिवेदन हुने प्रभावकारी अनुगमन तथा मूल्याकन पद्धतिको विकास गरिनेछ ।

११४. आयोजना तयारीका सम्पूर्ण चरणहरु पुरा नभएसम्म कार्यान्वयनका लागि बजेट व्यवस्था गरिने छैन । एक आर्थिक वर्षभित्र सम्पन्न हुन नसक्ने पालिकाका महत्वका आयोजनाहरुलाई मात्र आयोजना तयारीका सम्पूर्ण चरणहरु पुरा भएपछि बहुवर्षीय आयोजनाको रुपमा बजेट व्यवस्था गरिनेछ । यसका लागि आयोजना तयारी फिल्टर बनाई लागु गरिनेछ ।

११५. नेपाल सरकार र प्रदेश सरकारसंगको समन्वयमा पालिका भित्र सञ्चालित योजनाहरुको प्रभावकारी रुपमा अनुगमन र मूल्याकन गरिनेछ ।



Scanned with CamScanner

११६. पालिका भित्रमा सञ्चालित आयोजनाहरुको प्रभावकारी अनुगमनका लागि अनुगमन समितिको प्रत्यक्ष निगरानीमा अनुगमन स्थलगत अनुगमन बनाइनेछ।

११७. उपाध्यक्ष ज्यूको नेतृत्वमा रहने योजना अनुगमन समितिबाट प्राप्त सुझाव तथा निर्देशनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

११८. आवश्यकता अनुसार आयोजनाहरुको तेस्रो पक्षबाट अनुगमन मूल्याकन गर्ने कानूनी प्रबन्धको कार्यान्वयनमा जोड दिईनेछ।

११९. प्रभावकारी अनुगमनका लागि सूचना प्रविधिको विकास गरिनेछ र अनुगमनबाट प्राप्त नतिजाको समीक्षा गर्ने प्रणालीको विकास गरिनेछ।

१२०. पन्जीकरण सम्बन्धी कामकाजलाई प्रभावकारी बनाउन पन्जीकरण अधिकारी तथा लेखा सहायकहरुलाई क्षमता विकासका आवश्यक कार्यक्रमहरु सचालन गरिनेछ।

१२१. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा जोड दिईने छ।

**गाउँसभा सदस्यहरु,**

१२२. कानूनको शासन प्रवर्द्धन गर्न आवश्यक कानून निर्माण, कानूनी सचेतना, कानूनी परामर्श, कानूनी साक्षरता तथा कानूनको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।

१२३. न्यायिक समितिको प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक व्यवस्था मिलाइने छ।

१२४. समग्र शासकीय कार्य सम्पादनमा आम जनता, नागरिकसमाज, सञ्चार क्षेत्र, राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधिहरु सबैले आ-आफ्नो जिम्मेवारी गम्भिरतापूर्वक वहन गरी नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सरकारी काम र निर्णयको पारदर्शिता, जनलेखा परीक्षण जस्ता नवीन शासकीय उपक्रम सञ्चालन गरी गाउँपालिकामा सुशासन प्रत्याभूत गरिनेछ।

१२५. बारेकोट गाउँपालिकाका जनताको संचार सुविधाको आवश्यकतालाई महसुस गर्दै आगामी आर्थिक वर्षबाट बारेकोट एफएम संचालनका लागि आवश्यक अध्ययन गरी कार्यान्वयन गरिनेछ।

१२६. यस गाउँपालिकामा फोन सेवा प्रभावकारी बनाउनका लागि सम्बन्धित निकायसँग बारम्बार समन्वय गर्दा पनि स्काई फोनसेवा भरपर्दो नभएको हुदा तत्काल नमस्ते टावरको लागि आवश्यक उपकरणहरु जडान गरी सुचारु गर्न सम्बन्धित निकायसँग पहल गरिनेछ।

१२७. अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रम तयारीका क्रममा सल्लाह, सुझाव र योगदान गर्नु हुने गाउँसभा सम्पूर्ण सदस्य ज्यूहरु, राजनीतिक दलका प्रतिनिधि, कर्मचारी साथीहरु, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी तथा सम्पूर्ण बारेकोटीबासीहरुप्रति हृदयबाट आभार र कृतज्ञता प्रकट गर्दछु।

धन्यबाद।

Scanned with CamScanner

निर्णय नं. २ आ.व. २०७८/०७९ को वार्षिक बजेट तथा कार्यक्रम मित २०७८ साल अषाढ ११ गते [illegible] गाउँ सभामा पेश भएको र उक्त बजेट तथा कार्यक्रमहरु यस सभाका विभिन्न समितिहरु[illegible] बिषयगतरुपमा छलफल भई सभमा मिति २०७८ साल अषाढ ११ गते पेश भएको रु ४० करोड [illegible] लाख ९४ हजार २ सय ८८ रुपैयाँको आय व्याय सहितको देहाय बमोजिमको वार्षिक बजेट तथा कार्यक्रम माथी सभाबाट पारित गर्नका लागि आजैका मिति देखि छलफल प्रारम्भ गर्ने निर्णय गरियो।

# बजेट तथा कार्यक्रमहरु २०७८।०७९

## व्याय विवरणको सारांश

| सि.न | शिर्षक | रकम रु हजारमा | कैफियत |
|---|---|---|---|
| | **क) आर्थिक विकास** | | |
| १ | सहकारी | २०० | |
| २ | पर्यटन | ५४०० | |
| ३ | वन | २०० | |
| ४ | उद्यम | ५०० | |
| ५ | कृषि विकास | ४९०० | |
| ६ | पशुपन्छी विकास | ६९०० | |
| | जम्मा | १८१०० | |
| | **ख) सामाजिक विकास** | | |
| १ | स्वास्थ्य | २११८५।४७ | |
| २ | खानेपानी तथा सरसफाई | ३०२५ | |
| ३ | लैगीक समावेशीकरण | ३३३०।८१८ | |
| ४ | शिक्षा | २४०४८ | |
| ५ | सामाजिक सुरक्षा | १५०० | |
| | जम्मा | ५३०८९।२८८ | |
| | **ग) भौतिक पूर्वाधार** | | |
| १ | शहरी तथा भवन निर्माण | १३६७५ | |
| २ | सडक पुर्वाधार | १९१५० | |
| ३ | उर्जा | ३५०० | |
| ४ | सूचना तथा प्रविधि | ७०० | |
| | पुन निर्माण क्रमागत | ० | |
| | जम्मा | ३७०२५ | |
| | **घ) सुशासन तथा अन्तर सम्बन्ध** | | |
| १ | सुशासन तथा अन्तर सम्बन्ध कार्यक्रम | १३५०० | |
| | **पूँजीगत जम्मा** | १२१७१४।२८८ | |
| | **ङ) कार्यालय संचालन तथा प्रशासनिक** | ५६००० | |
| | **च) सशर्त अनुदान कार्यक्रम खर्च** | २१५००० | प्रधानमन्त्री रोजगार, पन्जिकरण,लघुउद्यम, MSNP NCCSP र शिक्षकहरुको संघीय सरकारबाट प्राप्त हुने त.भ. |
| | **छ) बहुक्षेत्रीय पोषण कार्यक्रम खर्च** | | |
| | **सवै जम्मा** | १७७७१४।२८८ | |
| | **ज) होल्भेटासबाट प्राप्त बजेट** | १५१३० | |
| | **कुल बजेट** | ४०७८४४।२८८ | |

Scanned with CamScanner

बारेकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय जाजरकोट
आर्थिक विकास तर्फ

आ.व. २०७८।०७९

अनुसूची १

## सहकारी तर्फ

| सिन | कार्यक्रम आयोजनाको नाम | कार्यन्वयन हुने स्थान | लक्ष्य | विनियोजन रकम रु हजारमा |
|---|---|---|---|---|
| १ | सहकारी | | | २०० |
| | जम्मा | | | २०० |
| | **पर्यटन विकास** | | | |
| १ | संस्कृतीक संरक्षण साइकरी पर्यटन पथ मार्ग | | | ० |
| २ | पर्यटन गुरुयोजना निर्माण | | | ५०० |
| ३ | मुगरेगाउँ देउमारो सुनखेरे मन्दिर वडा नं. २ | | | १५० |
| ४ | कनाउटा भाड्काल मन्दिर वडा नं. २ | | | २०० |
| ५ | अयर्नाभयार थानको मन्दिर वडा नं. २ | | | १५० |
| ६ | बल्लेजुरी बराह थानको मन्दिर वडा नं. २ | | | १५० |
| ७ | सुवाकोटी देवता मन्दिर वडा नं. २ | | | २०० |
| ८ | सेरी महादेव मन्दिर वडा नं. २ | | | २०० |
| ९ | कशरा थाप निर्माण वडा नं. ३ | | | २०० |
| १० | मुन्डली देवता मन्दिर पहाडा मुल्साम वडा नं. ३ | | | २०० |
| ११ | भाइबारी मष्टा थान निर्माण वडा नं. ३ रुम्सील | | | २०० |
| १२ | मष्टा भयार थान नर्माण पातरसागु वडा नं. ३ महाडामुल्साम | | | १०० |
| १३ | बालकुना मन्दिर निर्माण वडा नं. ४ | | | १०० |
| १४ | खोले थान मन्दिर निर्माण वडा नं. ४ | | | १०० |
| १५ | डाँडाबाघ भयाराथान मन्दिर निर्माण वडा नं. ४ | | | १०० |
| १६ | महादेव मन्दिर घेरबार वडा नं. ४ | | | १०० |
| १७ | मष्ट मन्दिर निर्माण तलगाउँ वडा नं. ४ | | | १०० |
| १८ | बरा बुक्मारा मन्दिर निर्माण वडा नं. ४ | | | १०० |
| १९ | कालिका मन्दिर निर्माण वडा नं.५ | | | ५०० |
| २० | लामकाने देवता मन्दिर वडा नं. ७ | | | १०० |
| २१ | बोगटी देवता मन्दिर वडा नं. ७ | | | १०० |
| २२ | भयार देवताको मन्दिर वडा नं. ७ | | | १०० |
| २३ | सुवाकोटी देवताको मन्दिर वडा नं. ७ स्याला | | | १०० |
| २४ | भयार देवताको मन्दिर वडा नं. न७ सुवाकोट | | | १०० |
| २५ | मष्ट देवताको मन्दिर वडा नं. स्याला | | | १०० |
| २६ | सुवाकोटी देवताको मन्दिर मर्मत वडा नं.७ | | | १०० |
| २७ | पिनलेखी चित्रलेखी देवताको मन्दिर वडा नं. ७ | | | १०० |
| २८ | शिव मन्दिर निर्माण आटीबारा वडा नं.७ | | | २०० |
| २९ | काँडा पानी मन्दिर निर्माण र मुहान संरक्षण वडा नं. ७ | | | १५० |
| ३० | दल्कुन शिव मन्दिर निर्माण वडा नं. ८ | | | १०० |
| ३१ | कोटालो बारोको मन्दिर निर्माण वडा नं. ८ | | | १०० |
| ३२ | रमाइलो देवताको मन्दिर निर्माण वडा नं.९ | | | २०० |
| ३३ | घट्टेखोला दलितबस्तीमा देवताको मन्दिर निर्माण वडा नं. ९ | | | १५० |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३४ | माथी काप्ती मन्दिर निर्माण वडा नं. ९ | | | २०० |
| ३५ | महानकाल देवताको मन्दिर निर्माण वडा नं. ९ | | | १५० |
| | जम्मा | | | ५४०० |
| | **वन तर्फ** | | | |
| १ | वन | | | |
| | पक्षीहरुको फोटो किताव छपाई | | | २०० |
| | जम्मा | | | २०० |
| | **उद्यम तर्फ** | | | |
| १ | उद्यम विकास | | | ५०० |
| | जम्मा | | | ५०० |
| | **कृषि विकास** | | | |
